प्रदेश सरकार
प्रदेश नं.२
सामाजिक विकास मंत्रालय
स्वास्थ्य निर्देशनालय
**स्वास्थ्य कार्यालय सप्तरी**
राजविराज
(कर्मचारी प्रशासन शाखा)

☎ ०३१-५२१६०६
०३१-५२११३५
Fax :०३१-५२१६०६
इ-मेल:dpho.saptari@yahoo.com

पत्र संख्या :२०७८/०७९
चालानि नं. :- २७१

मिति: २०७८/१०/०६

विषय :- कोभिड १९ विरुद्ध खोपको बुस्टर मात्रा अभियान संचालन सम्वन्धमा ।

श्री न.पा./गा.पा.सवै
सप्तरी ।

उपरोक्त सम्वन्धमा स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा टेकु काठमाण्डौंको च.न.७९७ मिति २०७८/१०/०२ गतेको प्राप्त पत्रानुसार खोप उपलब्धताको अधारमा प्राथमिकता निर्धारन गरी चरणवद्ध रुपमा कोभिड १९ विरुद्ध खोपको बुस्टर मात्रा लगाउन तपशिलमा उल्लेख भए बमोजिम गर्न गराउन हुन अनुरोध छ ।

..............
दुमिन्द्र लाल यादव
नि.कार्यालय प्रमुख

तपसिल :-

| सि.न. | पालिकाको नाम | संचालन हुने मिति | खोप केन्द्र | समय |
|---|---|---|---|---|
| १ | न.पा./गा.पा. सवै । | २०७८/१०/०८ गते देखि १० गते सम्म | सम्वन्धित न.पा. गा.पा.को कार्यालय वा पालिकाले तोकेको १ खोप केन्द्रमा | १०:०० वजे देखि ४:०० वजे सम्म |

**लक्षित समूह :-**

१) आर्थिक वर्ष आ.ब.२०७७ माघ १४ गते देखि खोप सुरु गरी २०७८ असार मसान्त सम्ममा पूर्ण मात्रा खोप लगाएर दोश्रो मात्रा लगाएको ६ महिना पुरा भएका अग्रपंक्तिमा खटिने एवं सार्वजनिक सेवामा संलग्न व्यक्तिहरु र यस अघि जानकारी गराए अनुसार तोकिएको ५ वटा दिर्घ रोग भएका अवस्थाका व्यक्ति (१८ वर्ष वा सो भन्दा माथिका) हरुलाई मात्र हाल बुस्टर खोपको १ मात्रा लगाउनु हुन ।

२) दिईने खोप :- उपर्युक्त उल्लेखित लक्षित समुहलाई कोभिशिल्ड/स्ट्राजेनिका र भेरोशेल दोश्रो मात्रा लगाएको ६ महिना पुरा भएका व्यक्तिहरुलाई पहिले जुन खोप लिएको हो सोहि खोपको बुस्टर मात्रा लगाउन हुन ।

एवम खोप लिने दिने अधार :- तोकिएको दिर्घ रोगीको हकमा विगतमा खोप लगाएको खोप कार्ड र उपचार पुर्जा र अन्यको हकमा पहिलो र दोश्रो मात्रा खोप लिईएको खोप कार्डको अधारमा

**नोट :-**

- प्रत्येक सेवा ग्रहिको विवरण कोभिड खोप अभियानमा प्रयोग गरेको छुट्टै नयाँ रजिष्टरमा पहिलो मात्रा भन्ने महलमा बुस्टर लेखि अभिलेख राख्ने र खोप दिए पछि सेवा ग्राहीको साविककै कार्डमा दोश्रो मात्राको महल मुनी खालि ठाउँमा साविक झै अभिलेख गरी स्वास्थ्य कर्मीले दस्तखत गरेर कार्ड उपलब्ध गराउने ।
- २०० जना सम्म खोप लगाए वापत १ जना भ्याक्सिनेटर र २ जना स्वयं सेवकको पारिश्रमिक सुविधा उपलब्ध गराइने छ ।
- खोप अभियानको प्रगति प्रतिवेदन सवै पालिकाहरुले दैनिक रुपमा **DHIS2** मा **entry** गर्न गराउनु हुनको साथै, उपलब्ध गराइएको फारममा प्रतिवेदन समायोजन गरी पालिका वाइज प्रथम र दोश्रो मात्राको छुटा छुट्टै फारम भरी अभियान सकेको ३ दिन भित्र अनिवार्य स्वास्थ्य कार्यालयमा पठाउन हुन अनुरोध छ ।
- महिनाको अन्त्यमा प्रत्येक वडाको कोभिड १९ विरुद्ध खोपको प्रगति प्रतिवेदन एक मुस्ट समायोजन गरी पालिका वाइज DHIS 2 मा अनिवार्य entry गर्नु हुनको साथै स्वास्थ्य कार्यालयमा अनिवार्य पठाउनु हुन अनुरोध छ ।

बोधार्थ
श्री परिवार कल्याण माहाशाखा टेकु, काठमाण्डौं ।
श्री प्रदेश स्वास्थ्य निर्देशनालय सपही,धनुषा ।
श्री प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र प्रदेश नं.२ धनुषा ।
श्री जिल्ला प्रशासन कार्यालय,सप्तरी ।
श्री जिल्ला प्रहरी कार्यालय,सप्तरी -आवश्यक सुरक्षा व्यवस्थापन गरि दिनु हुन ।